## अध्ययन/छानबीन समितिहरु गठन

१) ऊर्जा मन्त्रालय र अन्तर्गतका निकायहरुको संगठनात्मक, संरचनात्मक, नीतिगत तथा विद्यमान ऐन, नियम लगायतका विषयहरुमा के कस्तो सुधार, संशोधन गर्न उपयुक्त हुन्छ अध्ययन गरी १० दिनभित्र प्रतिवेदन तयार गरी पेश गर्ने:

(क) निर्णय मिति: २०७०।०१।०४

(ख) समितिको संरचना:

| | | |
|---|---|---|
| १. | सहसचिव श्री किरणराज शर्मा, ऊर्जा मन्त्रालय | - संयोजक |
| २. | सि.डि.इ. श्री जीबछ मण्डल, ऊर्जा मन्त्रालय | - सदस्य |
| ३. | सि.डि.इ. श्री संजीव बराल, ऊर्जा मन्त्रालय | - सदस्य |
| ४. | उपसचिव श्री हरिप्रसाद दाहाल, विद्युत विकास विभाग | - सदस्य |
| ५. | प्रतिनिधि प्राविधिक र कानून (२ जना), विद्युत विकास विभाग | - सदस्य |
| ६. | उपसचिव श्री सन्तोषकुमार दाहाल, ऊर्जा मन्त्रालय | - सदस्य सचिव |

(ग) समितिले मिति २०७०।०१।१७ मा प्रतिवेदन पेश गरेको ।

२) विराटनगर लगायत पूर्वाञ्चल क्षेत्रमा करिब १५ वटा उद्योगहरुमा विद्युत लाइन कटौती नहुने गरी वितरण भएको विषयमा छानबीन गर्ने :

क) निर्णय मितिः २०६९।१२।२७

ख) छानबीन टोलीको संरचनाः

१. उप महानिर्देशक श्री सुन्दरश्याम श्रेष्ठ, विद्युत विकास विभाग, - संयोजक
२. महाप्रबन्धक श्री चिरंजिवी शर्मा,, नेपाल विद्युत प्राधिकरण - सदस्य
३. उपसचिव (कानून) श्री इन्द्र कुमार चोड्गटेन्ली, ऊर्जा मन्त्रालय - सदस्य
४. उपसचिव (लेखा) श्री चतुर्भुज ज्ञवाली, ऊर्जा मन्त्रालय - सदस्य
५. सि.डि.ई.श्री राजु महर्जन, ऊर्जा मन्त्रालय - सदस्य-सचिव

ग) कार्यशर्तः

१. नेपाल विद्युत प्राधिकरण ऐन २०४१, विद्युत ऐन, २०४९ र सो का नियमावली साथै अन्य प्रचलित ऐन/नियममा भएको व्यवस्था अनुसार कारवाही गर्ने, वार्ता गर्ने, छलफल गर्ने र प्रतिवेदन पेश गर्ने ।
२. फिडरबाट सोझै अनियमित तबरले लाइन वितरण भएको खण्डमा तुरुन्त लाइन काट्ने त्यस्तो अनियमितता गर्ने कर्मचारीको हकमा नियमानुसार कारवाहीको लागि सिफारिश गर्ने ।
३. सम्बन्धित उद्योगहरुमा के कसरी विद्युत प्रशारण गर्दा उपयुक्त र न्यायसंगत हुन्छ सो को सुझाव पेश गर्ने ।
४. आर्थिक अनियमितता सम्बन्धमा संलग्न व्यक्ति उजुरीकर्ता संग वुझि छानबीन गर्ने

घ) टोलीले मिति २०७०।१।२५ मा प्रतिवेदन प्रस्तुत गरेको ।

ङ) प्रतिवेदन कार्यान्वयनका लागि मिति २०७०।१।३१ मा नेपाल विद्युत प्राधिकरणमा पठाइएको छ ।

**३) नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेका घर जग्गाको लगत, अवस्था र उपयोगको वास्तविक अवस्था बारे अध्ययन गर्ने :**

**क) निर्णय मितिः २०७०।१।२३**

**ख) समितिको संरचनाः**

| | | |
|---|---|---|
| १. | श्री सन्तोष नारायण श्रेष्ठ, संचालक समिति सदस्य, नेपाल विद्युत प्राधिकरण | - संयोजक |
| २. | श्री किरणराज शर्मा, सहसचिव, ऊर्जा मन्त्रालय | - सदस्य |
| ३. | श्री गोसाई के.सी., निर्देशक, नेपाल विद्युत प्राधिकरण | - सदस्य-सचिव |

**ग) कार्य क्षेत्रः**

४. नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको कुल घर, जग्गाको लगत सहितको विवरण ।
५. प्राधिकरणको स्वामित्वमा रहेको घर, जग्गा उपयोग र अतिक्रमणको अवस्था ।
६. घर, जग्गा संरक्षण तथा व्यवस्थापनमा देखिएका कमि कमजोरी सहित समाधान गर्ने उपायहरु ।
७. घर, जग्गा संरक्षणमा लापरवाही गर्ने पदाधिकारीहरुको नाम, कसुर र गर्नुपर्ने कारवाही सहितको सिफारिश पेश गर्ने ।

**घ) कार्य अवधि : एक महिना ।**

**४) नेपाल विद्युत प्राधिकरण अन्तर्गत संचालित चमेलिया जलविद्युत आयोजना र कुलेखानी तेस्रो जलविद्युत आयोजनाको निर्माण कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने :**

**क) निर्णय मितिः -२०७०।१।२५**

**ख) समितिको संरचनाः**

१. **श्री विवेक तातेड, संचालक समिति सदस्य, नेपाल विद्युत प्राधिकरण, - संयोजक**
२. **श्री श्रीरञ्जन लाकौल, सहसचिव, ऊर्जा मन्त्रालय - सदस्य**
३. **विज्ञ डा. राजेन्द्र निरौला - सदस्य**
४. **निर्देशक श्री सुनिल कुमार ढुंङ्गेल, नेपाल विद्युत प्राधिकरण - सदस्य-सचिव**

**ग) कार्यक्षेत्रः**

१. **आयोजनामा विगतमा कार्यरत कर्मचारीबाट संचालित समग्र कार्यको अवस्था र मूल्यांकन ।**
२. **आयोजना संचालनमा देखा परेका समस्या र समस्या उत्पन्न हुनुका कारण साथै आयोजना समयमै सम्पन्न गर्न चाल्नु पर्ने कारवाही र थप कदमहरु ।**
३. **आयोजनाको लागत र समम बृद्धिका कारणबाट परेको प्रभाव र समाधानका उपाय ।**
४. **आयोजनाको कार्यक्रम, समय, स्थानीय सहयो, सहभागिता र आयोजना संचालनमा थप गर्नुपर्ने सुधारका क्रियाकलापहरु ।**

**घ) कार्य अवधि: एक महिना ।**

**५) नेपाल विद्युत प्राधिकरणबाट वितरण भइरहेको विद्युत ऊर्जाको चुहावटको अवस्था अध्ययन गर्ने :**

**क) निर्णय मितिः२०७०।१।२३**

**ख) समितिको संरचना :**

१. श्री लक्ष्मण प्रसाद अग्रवाल, संचालक समिति सदस्य, नेपाल विद्युत प्राधिकरण - संयोजक
२. सि.डि.ई.श्री अरुण कुमार झा, विद्युत विकास विभाग - सदस्य
३. सि.डि.ई.श्री राजु महर्जन, ऊर्जा मन्त्रालय - सदस्य-सचिव
४. प्रबन्धक श्री दीपक आचार्य, नेपाल विद्युत प्राधिकरण - सदस्य

**ग) कार्य क्षेत्र:**

१. नेपाल विद्युत प्राधिकरणको वितरण तथा ग्राहक सेवा अन्तर्गत मध्यमाञ्चल क्षेत्र भित्रका वितरण केन्द्रहरुमा हुने गरेको विद्युत चुहावटको अवस्थाः- कुन कार्यालय अन्तर्गतको चुहावट कति घट्यो/बढ्यो विस्तृत विवरण पेश गर्ने ।
२. विद्युत चुहावट नियन्त्रणको लागि भएका प्रयासहरुको कार्यान्वयनको स्थिति ।
३. चुहावट नियन्त्रण गर्न चालिनु पर्ने थप कदमहरु सहितको सुझाव ।
४. चुहावटमा दोषी देखिएका कर्मचारीहरुको नाम, कसुर र गरिनु पर्ने कारवाहीको विवरण ।

**घ) कार्य अवधिः २१ दिन**

**६) :नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेका सवारी साधनको उपयोग र अवस्था बारेमा अध्ययन गरी दश दिन भित्र राय सुझाव सहितको प्रतिवदेन पेश गर्ने :**

**क) निर्णय मितिः२०७०/१/२३**

**ख) समितिको संरचना:**

१. **उपसचिव श्री सन्तोष कुमार दाहाल**, **ऊर्जा मन्त्रालय**, - **संयोजक**
२. **मे.ई. श्री अमित आचार्य**, **विद्युत विकास विभाग**, - **सदस्य**
३. **सहायक इन्जिनियर श्री हरिनारायण यादव**, **नेपाल विद्युत प्राधिकरण**, - **सदस्य-सचिव**

**७) बजेटमा समावेश गर्नुपर्ने नीति सिफारिश गर्ने** :

**क) निर्णय मितिः** २०७०।२।१

**ख)** **विषयः**

२०६७ चैत्र ९ गते तत्कालीन उपप्रधानमन्त्री तथा ऊर्जामन्त्रीले ऊर्जा संकटको समाधानका सम्बन्धमा व्यवस्थापिका-संसद समक्ष प्रस्तुत धारणा र भावी कार्यक्रमसम्बन्धी वक्तव्यको बुँदा नं. १२ को खण्ड (क) र (ख) मा उल्लेखित विषयहरु तथा नेपाल व्यवसाय मञ्च अर्न्तगतको पूर्वाधार संरचना कार्य-सम्पादन समूहको २०६९ साल असोज २३ गते ऊर्जा मन्त्रालयमा बसेको बैठकमा नेपाल सरकारले निर्माणमा जाने जलविद्युत आयोजनाहरुको लागि दिइने गरेको VAT सहुलियत रु. १० लाख प्रति मेगावाट सुविधालाई रु. १ करोड प्रति मेगावाट गर्नु पर्ने भनी निजी क्षेत्रबाट भएको माग सम्बोधन गर्न आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने नीतिहरु सिफारिस गरी प्रतिवेदन पेश गर्ने ।

**समितिको संरचना**

१. सह-सचिव श्री केशवध्वज अधिकारी ऊर्जा मन्त्रालय - संयोजक

२. सह-सचिव अर्थ मन्त्रालय (राजश्व महाशाखा) - सदस्य

३. प्रतिनिधि नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

४. प्रतिनिधि, स्वत्रन्त्र ऊर्जा उत्पादकहरुको संस्था - सदस्य

५. उपसचिव आर्थिक प्रशासन शाखा ऊर्जा मन्त्रालय - सदस्य

६. संयोजकले तोकेको उपसचिवस्तरको कर्मचारी - सदस्य सचिव

**ग) कार्य अवधिः एक महिना ।**

## ८)	नेपाल विद्युत प्राधिकरण सुधारः

नेपाल विद्युत प्राधिकरणको नियुक्ति सिफारिस समिति र बढुवा सिफारिस समितिमा कर्मचारी सेवा विनियमावली, २०६२ मा अर्को व्यवस्था नभए सम्मका लागि नियुक्ति सिफारिस समिति र बढुवा सिफारिस समितिमा उपसचिव स्तरको प्रतिनिधि लोक सेवा आयोगबाट माग गर्ने नेपाल सरकार (माननीय मन्त्रीस्तर) को निर्णयबाट अनुरोध गरिएकोमा लोक सेवा आयोगबाट उपसचिव स्तरको प्रतिनिधित्व गराउने निर्णय भएको ।

९) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०६९।५।३ मा माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजनाको विद्युत उत्पादन गर्न नेपाल वाटर एण्ड इनर्जी डेभलपमेण्ट प्रा.लि.सँग करार गर्ने गरी निर्णय भई उक्त कम्पनीसँग गरिएको करारमा उल्लिखित विषयको हालसम्मको कार्यान्वयन स्थिति अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्नेः

(क) निर्णय मितिः २०७०।२।१६

(ख) समितिको संरचनाः

१. श्री सुदेश कुमार मल्ल, उपमहानिर्देशक, विद्युत विकास विभाग - संयोजक

२. श्री हरि प्रसाद दाहाल, उपसचिव, विद्युत विकास विभाग - सदस्य

३. समितिका संयोजकले तोकेको विद्युत विकास विभागमा कार्यरत सि.डि.ई. - सदस्य सचिव

(ग) कार्य क्षेत्रः

१. नेपाल सरकार, ऊर्जा मन्त्रालय र नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट प्रा.लि.सँग विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम मिति २०६९।७।२ मा भएको करारमा उल्लेख गरिएका शर्त बमोजिम प्रबर्द्धक नेपाल वाटर एण्ड इनर्जी डेभलपमेण्ट प्रा.लि.ले गर्नुपर्ने कार्यहरुको हालसम्मको कार्यान्वयन स्थितिको मूल्यांकन गर्ने ।

२. करारमा उल्लिखित शर्तहरु कार्यान्वयनमा देखिएका समस्याहरु र उक्त समस्याहरुको सुधारका लागि नेपाल सरकार, ऊर्जा मन्त्रालयले नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट प्रा.लि.लाई दिनुपर्ने निर्देशनहरु ।

१०) निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९ को दफा २४(घ) १(ख) को उपदफा (५) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा बढुवा भएका तथा हुने कर्मचारीहरुको समायोजनको लागि आवश्यक पर्ने दरबन्दीको एकीन गरी सामान्य प्रशासन मन्त्रालयमा पठाउन यस मन्त्रालय र अन्तर्गतको विद्युत विकास विभागको संगठन संरचना र दरबन्दी पुनरावलोकन गर्नेः

(क) निर्णय मितिः २०७०।०२।१२

(ख) समितिको संरचनाः

१. सहसचिव श्री किरणराज शर्मा, ऊर्जा मन्त्रालय - संयोजक

२. उपसचिव श्री हरि प्रसाद दाहाल, विद्युत विकास विभाग - सदस्य

३. सि.डि.इ. श्री जीबछ मण्डल, ऊर्जा मन्त्रालय - सदस्य

४. उपसचिव श्री सन्तोषकुमार दाहाल, ऊर्जा मन्त्रालय - सदस्य

५. प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

६. प्रतिनिधि, सामान्य प्रशासन मन्त्रालय - सदस्य

७. शाखा अधिकृत श्री जगदिश मिश्र, ऊर्जा मन्त्रालय - सदस्य सचिव

११) ऊर्जा मन्त्रालय तथा विद्युत विकास विभागको संगठनात्मक तथा जनशक्ति सम्बन्धमा पुनरावलोकन तथा पुन संरचनाका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गर्ने:

(क) निर्णय मितिः २०६९।९।२५

(ख) कार्यदलको संरचनाः

| | | |
|---|---|---|
| १. | श्री किरणराज शर्मा, सहसचिव, ऊर्जा मन्त्रालय | - संयोजक |
| २. | श्री बलराम रिजाल, उपसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| ३. | श्री तिर्थ प्रकाश पौडेल, उपसचिव, सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| ४. | सि.डि.इ. श्री जिवछ मण्डल, ऊर्जा मन्त्रालय | - सदस्य |
| ५. | सि.डि.इ. श्री गोकर्णराज पन्थ, विद्युत विकास विभाग | - सदस्य |
| ६. | उपसचिव श्री हरि प्रसाद दाहाल, विद्युत विकास विभाग | - सदस्य सचिव |

(ग) अध्ययनको उद्देश्यः

ऊर्जा मन्त्रालय तथा विद्युत विकास विभागको वर्तमान संगठन, जनशक्ति तथा कार्य विवरण तथा कार्यबोझको पुनरावलोकन गरी संगठनात्मक पुनर्संरचना र आवश्यक जनशक्तिको आँकल गरी सिफारिश गर्ने ।

हालको केन्द्रमा मात्र सीमित रहेको विभागलाई क्षेत्रीयस्तरमा सांगठनिक संरचनाको स्थापना र आवश्यक जनशक्तिको अनुमान गर्ने ।

नेपालको जलस्रोत लगायत ऊर्जाको अन्य स्रोतको सदुपयोग गरी देशमा बढ्दो ऊर्जाको माग पूरा गर्न विद्युत विकास विभागको कार्यक्षमता अभिवृद्धि गर्ने ।

(घ) अध्ययनको विधि र सीमाः

१. प्रचलित क्षेत्रगत कानूनहरु

२. विद्यमान संगठन तथा जनशक्तिको अवस्था

३. ऊर्जा मन्त्रालय तथा विद्युत विकास विभागका पदाधिकारी तथा कर्मचारीहरुसँग छलफल तथा परामर्श

४. कार्यदल तथा समितिका अध्ययन प्रतिवेदनहरु- जलस्रोत रणनीति, जलनीति, दशवर्षे जलविद्युत योजना, राष्ट्रिय ऊर्जा रणनीति ।

(ङ) कार्यदलले मिति २०७०।०२।२२ मा प्रारम्भिक प्रतिवेदन पेश गरेको ।